ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 16.02.2026

## छत्तीसगढको 12 सदस्यीय मिडिया प्रतिनिधिमण्डलले राज्यपाल ओमप्रकाश माथुरसँग शिष्टाचार भेट गर्यो

छत्तीसगढको 12 सदस्यीय मिडिया प्रतिनिधिमण्डलले आज सिक्किमको लोक भवनमा सिक्किमका राज्यपाल ओमप्रकाश माथुरसँग शिष्टाचार भेट गरेको छ। केन्द्र सरकारले सञ्चालन गरेका महत्वाकांक्षी परियोजनाहरू, पूर्वाधार विकास र रणनीतिक परियोजनाहरूको प्रत्यक्ष अवलोकन गर्ने उद्देश्यले यो प्रतिनिधिमण्डल, 15 देखि 21 फेब्रुअरी सम्म सिक्किमको सात दिने अध्ययन भ्रमणमा छ। यस अवसरमा राज्यपालले सिक्किमलाई स्वच्छ र वातावरणीय रूपमा सचेत राज्यको रूपमावर्णन गर्दै यसका विभिन्न पहलहरूको प्रशंसा गर्नुभयो।

'राज्यपालले प्रतिनिधिमण्डललाई सिक्किमको ऐतिहासिक युद्धभूमि, चोला र डोकलाम पासहरूको महत्त्वको बारेमा अवगत गराउनुभयो र यसको इतिहास बुझ्न अनि विस्तार गर्न यी स्थलहरूको भ्रमण गर्न प्रोत्साहित गर्नुभयो। पत्रकारहरूले राज्यपाललाई सडक र हवाई सम्पर्क, जैविक उत्पादनहरूको बजार र पर्यटन पूर्वाधारसँग सम्बन्धित प्रश्नहरू सोधे। राज्यपालले उनीहरूलाई केन्द्र र राज्य सरकारहरू यी क्षेत्रहरूलाई सुदृढ पार्न मिलेर काम गरिरहेका छन् भनि आश्वासन दिनुभयो।

त्यसपछि पत्रकारहरूको टोली भारतीय वनस्पति सर्वेक्षण; सिक्किम क्षेत्रीय केंद्र र सूचना तथा जनसम्पर्क विभाग, गान्तोक गयो।

प्रतिनिधिमण्डलको नेतृत्व, पीआईबी गान्तोकका सहायक निर्देशक मानस प्रतिमा सरमाले गर्नुभएको थियो।

## सिक्किम सरकारका जलस्रोत मन्त्री सोनाम लामा

सिक्किम सरकारका जलस्रोत मन्त्री सोनाम लामाले गान्तोक र यसको वरपरका क्षेत्रका बासिन्दाहरूलाई पानीको अभावको समस्या छिटोभन्दा छिटो समाधान गर्ने आश्वासन दिएका छन्। पानी आपूर्तिको अभावको बारेमा सार्वजनिक गुनासोहरूको जवाफ दिँदै मन्त्रीले पानीको उपलब्धतामा कमी, जाडोयामको सुख्खा मौसमका कारण भएको बताउनुभयो, जसले गर्दा स्रोतमा पानीको स्तर घटेको छ। परिस्थितिको मूल्याङ्कन गर्न सम्बन्धित पानीको स्रोतको व्यक्तिगत रूपमा भ्रमण र निरीक्षण गरेको श्री लामाले जानकारी दिनुभयो।

## सिक्किमका पत्रकारहरुलाई सम्मान गरियो

हाम्रो खबर सिक्किमको पाँचौं स्थापना दिवसको अवसरमा पश्चिम सिक्किमको गेजिंगमा आयोजित एक कार्यक्रममा पत्रकारिताको क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याएकोमा पुरन तामाङ, दिल्लीराम दुलाल र एन.बी. घिमिरेलाई सम्मान जनाइयो। पुरन तामाङ दैनिक पत्रिका समिट टाइम्सका संस्थापक हुन्। दिल्लीराम दुलाल एक वरिष्ठ पत्रकार र सिक्किमको प्रेस क्लबका महासचिव हुन् भने एन.बी. घिमिरे सिक्किम जनखबरका संस्थापक सम्पादक हुन्।

## बागवानी र ICAR

सिक्किम सरकारको गान्तोक जिल्लाको बागवानी विभागले भारतीय कृषि अनुसन्धान परिषद् ICAR को पूर्वोत्तर पहाडी क्षेत्रका लागि प्राविधिक सहकार्यमा तादोंग स्थित ICAR सिक्किम केन्द्रमा क्षेत्रीय कर्मचारीहरूको लागि पाँच दिने मास्टर प्रशिक्षण कार्यक्रमको उद्घाटन गरेको छ। यो कार्यक्रमको उद्देश्य, सुव्यवस्थित, सैद्धान्तिक र व्यावहारिक सत्रहरू मार्फत बागवानी कर्मचारीहरूको प्राविधिक क्षमता र क्षेत्र-स्तरको प्रभावकारितालाई सुदृढ पार्नु हो। जिल्लामा आफ्नो किसिमको पहिलो पहलको रूपमा तयार गरिएको प्रशिक्षण, पाँच ब्याचमा सञ्चालन गरिनेछ, जसमा लगभग 300 क्षेत्रीय कर्मचारीहरू समावेश हुनेछन्।

उद्घाटन सत्रमा कृषि तथा बागवानी विभागका आयुक्त तथा सचिव जिग्मी दोर्जी भुटिया प्रमुख अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो।

## जल अर्पण दिवस

१२ रिङहिम नामपतम ग्राम पञ्चायत एकाइमा सांसद आदर्श ग्राम योजना मार्फत गरिएका कामहरूको सफलतापूर्वक समापनको सम्झनामा जल जीवन मिशन अन्तर्गत जल अर्पण दिवस आज रिङहिम गाउँ प्रशासनिक केन्द्रमा मनाइयो सिक्किमका लोकसभा सांसद डा. इन्द्र हाङ सुब्बाको कार्यक्रममा प्रमुख अतिथिको रूपमा उपस्थिति जनाउनुभयो।